## नेपालगञ्ज उप-महानगरपालिकाको नगर सभाको १५ औ अधविशनमा अध्यक्ष ज्यूबाट पेश भएको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम :

नेपालगञ्ज उप–महानगरपालिका, नगर सभाको १५ औं अधिवेशनमा उपस्थित

उपाध्यक्ष ज्यू,

सचिव ज्यू,

सभाका सदस्य ज्यूहरु,

संचारकर्मी, राष्ट्र सेवक कर्मचारीहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरुमा जय नेपालको न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

जनताको अधिकार प्राप्तीका लागि विभिन्न कालखण्डमा सहादत् प्राप्त गर्न नेपाल आमाका सच्चा सपुतहरुको बलिदानलाई चिर स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्न चहान्छु । नयाँ मुलकको नामले चिनिने नेपालका ४ जिल्लाहरु मध्ये बाँके जिल्लामा अवस्थित नेपालगञ्ज शहर नेपालकै नामबाट नामाकरण भएको सुपरिचित शहरका रुपमा रहेको छ । बहुधार्मिक, बहुभाषिक र बहु संस्कृति परिवेश भएता पनि सबै धर्म जातजाती सम्प्रदायहरु विचको आपसी भाईचारा, सदभाव र प्रेम भाव शहरको ढुकढुकी हो भन्दा अतिशयोक्ति नहोला । यस ऐतिहासिक तथ्य लाई मनन गर्दै जनताको विश्वास र हामीले गरेका बाचाहरुलाई नगर सभाको १५ औं अधिवेशनमा उपस्थित आदरणीय नगरसभाका सदस्य ज्यूहरु समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु । अव म आगामी आ.व.२०८१।०८२ का लागि निर्धारण गरिएका नीति तथा कार्यक्रमहरु गरिमामय यस सभामा पेश गर्न चाहन्छु ।

### क. धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्वन्धि नीति :

१. धार्मिक तथा सांस्कृतिक धरोहरहरुको दिर्घकालीन संरक्षण र विभिन्न समुदायवीचको सद्भभाव कायम गर्न उपयुक्त कार्यक्रमको तर्जुमा गरी धार्मिक सहिष्णु र मानवमैत्री शहरमा रुपान्तरण गरिनेछ ।

२. पर्यटन पर्वद्धनका लागि नगरभित्रका विभिन्न मन्दिर, मस्जिद, चर्च, गुम्वा लगायतका धार्मिक स्थलहरुको संरक्षण तथा संवर्द्धन गरिनेछ ।

३. नगरभित्र रहेका विभिन्न ताल तलैया तथा पार्कहरुको पहिचान स्तरोन्नती तथा निर्माण कार्य गरी संरक्षण तथा संवर्द्धन गरिनेछ ।

४. नेपालगञ्ज नगरलाइ पर्यटकीय शहरको रुपमा विकास गर्न संघ प्रदेश र यससँग सम्वन्धित संघसस्थाहरु सँग समन्वय र सहकार्य गरी **भिजिट वेष्टर्न नेपाल २०८१** कार्यक्रम सञ्चालन गरिनेछ ।

**ख. सुशासन, संस्थागत विकास तथा न्यायीक सम्वन्धि नीति :**

१. नेपालगञ्ज उपमहानगरपालिकाको संस्थागत विकासका लागी आवश्यक पर्ने **आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका** लगायतका दस्तावेजहरु तयार गरी कार्यान्वयन गरिनेछ ।

२. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायतका प्रचलित कानूनबाट प्राप्त अधिकारहरुको प्रयोग गरी न्यायिक निरुपण प्रणालीलाइ सुदृढ तुल्याइनेछ ।

३. सुशासन कायम गर्नको लागि हेल्प डेस्क, डिजीटल नोटिस बोर्ड , सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, अनुगमन तथा मूल्यांकन कार्यलाई प्रभावकारी रुपले सञ्चालन तथा कार्यान्वयन गरिनेछ ।

४. कार्यालयको कार्यवोझ तथा कार्यप्रकृति अनुसार संगठनात्मक संरचना तथा कार्यविवरण अद्यावधिक गरिनेछ ।

५. अतिक्रमण भएका सडक पेटिहरु सर्वसाधारण जनताहरु हिडडुल गर्नको लागी सरोकार वाला संस्था संग समन्वय राखि ठेला, फुटपाथ व्यवस्थापन र अनुगमन गरिनेछ ।

६. नेपालगञ्ज उपमहानगरपालिकाबाट भएका निर्णय/फैसलाहरु अभिलेखीकरण गरी व्यवस्थापन गरिनेछ ।

७. सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शि र प्रतिस्पर्धि बनाउन विद्युतिय खरिद प्रणालीलाई क्रमशः अनिवार्य गर्दै लगिनेछ ।

८. तीन तहका सरकार वीचको सहकार्य, समन्वय र अन्तरसम्वन्धलाई प्रवर्द्धन गर्न सवै तहका जनप्रतिनिधि तथा सरोकारवालाविच अन्तरक्रिया गरी पूर्वाधार तथा सेवाप्रवाहलाई व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।

९. कार्यालयको सेवाप्रवाहलाइ प्रभावकारी बनाउन कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता विकास गरिनेछ ।

१०. कर्मचारीहरुको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिंग समुदाय लगायतका लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिई सो को कार्यान्वयन गरिनेछ ।

११. आफ्नो कार्यक्षेत्र भित्र महिला, पुरुष लगायत यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा कुनै पनि किसिमको विभेद गरिनेछैन ।साथै, विभेद गरेको पाइएमा कानून अनुसार कारवाहीको दायरामा ल्याइनेछ ।

**ग. स्वास्थ्य सम्बन्धी नीति :**

१. नेपालगञ्ज उपमहानगरपालिकाको वडा नम्वर २० मा **जलन उपचार केन्द्र (Burn Centre)** निर्माणका लागी आवश्यक पहल गरिनेछ ।

२. अत्यावश्कीय आधारभुत स्वास्थ्य सेवामा आम नागरिकहरुको पहुँच वृद्धिकालाई अल्पकालिन र दिर्घकालिन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

३. नेपाल सरकारद्धारा सूचिकृत गरिएका अत्यावश्यक औषधीहरु स्वास्थ्य संस्थाहरुबाट वर्ष भरिनै निःशुल्क रुपमा उपलब्ध हुने व्यवस्थाको सुनिश्चित गरिनेछ ।

४. सिमा नाका जमुनाहामा हेल्थडेस्क सञ्चालन गरि सरुवाजन्य रोगको रोकथाम निगरानी र व्यवस्थापन गरिने छ ।

५. व्यवहार परिर्वतन, खानपान, योगा, ब्यायाम, स्वास्थ्य, शिक्षा तथा प्रचार प्रसार कार्यक्रमका माध्यमबाट जीवनशैलिमा परिवर्तन गरी स्वस्थ बनाउन नेपालगञ्ज उपमहानगरपालिकालाई **स्वास्थ्य प्रर्वद्धनात्मक शहर**को रुपमा रुपान्तरण गर्दै लगिने छ ।

६. बालबालिका तथा गर्भवतीहरुलाई तालिका अनुसार जाँच र नियमित खोपको पहुचमा बृद्धि गर्ने र पूर्ण खोप तथा दिगोपन कार्यलाई सुनिश्चितता गर्न आवश्यकता अनुसार खोप केन्द विस्तार तथा निर्माण गरिनेछ ।

७. ज्येष्ठ नागरिकहरुको लागि दक्ष जनशक्ति घरघरमा खटाई निःशुल्क जाँच, परिक्षण, परामर्श, प्रेषण तथा औषधी उपचारको व्यस्थापन गरिने छ ।

८. निजी स्वास्थ्य संस्था तथा गैरसरकारी संस्थाहरुको दर्ता, नविकरण, संचालन र नियमन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

९. सन २०३० सम्म क्षयरोगको विरामीहरुलाइ शुन्यमा झारी नेपालगञ्ज उप—महानगरपालिकालाइ **क्षयरोगमुक्त पालिका** घोषणा गरिनेछ ।

१०.प्राथमिकताका आधारमा गर्भवती जाँचमा बृद्धि गरि पोषणयुक्त खाना तथा २४ घण्टे प्रसुती सेवालाई विस्तार तथा सुदृढीकरण गरिनेछ ।

११.सेवाको पहुँच भन्दा टाढा रहेका समुदायहरुमा महिलाहरुको पाठेघरको मुखको क्यान्सरको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरि पत्ता लागेका बिरामीहरुलाई प्रेषण गरिनेछ ।

१२.सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई समयानुसार विस्तार गर्दै लैजाने र हालसम्म गरेको सेवाको योगदानलाई कदर गदै ६० बर्ष उमेर पुगेका स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन एवं सम्मान सहित बिदाई गरिनेछ ।

१३.दीगो बिकास लक्ष्य प्राप्तीका लागि स्वास्थ्यका सुचकहरुलाइ स्थानीयकरण गरी लक्ष्यप्राप्तिका लागी अभिलेखिकरण तथा प्रतिवेदन अनलाईन मार्फत गरिनेछ ।

१४.नेपालगंज उपमहानगरपालिकाबाट गर्भवती, सुत्केरी, जेष्ठ नागरिक तथा आकस्मिक बिरामीहरुलाइ निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

१५.धुम्रपान तथा सुर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रण कार्यलाई निरन्तरता दिईने छ ।

१६.नेपालञ्ज उपमहानगरपालिकालाई दुष्टिविहिनता निवारणका लागि **निःशुल्क मोतिविन्दु**को अप्रेशन कार्यलाई निरन्तरता दिईने छ ।

१७. नेपालगंज उपमहानगरपालिका अन्तर्गत प्रोटोकल अनुसार गर्भवतिको जाँच, संस्थागत सुत्केरीमा वृद्धि गर्न आवश्यक औषधि, सामाग्री उपलब्ध गराई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

१८.महामारीजन्य रोगको रोगथाम, नियन्त्रण तथा ब्यवस्थापनका लागि आवस्यक पर्ने औषधीहरु खरिद गरी वफर स्टक राखिने छ ।

## घ. महिला बालवालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्ति लक्षित नीति :

१. विपन्न तथा ग्रामीण महिलाको आर्थिक, सामाजिक रुपान्तरणका लागि महिला विकास कार्यक्रमलाई निरन्तरता दिदै उद्यमशिल महिलाहरुको क्षमता विकास गरी सामाग्री उत्पादनका लागि नारी विकास केन्द्रलाइ उत्पादन केन्द्रका रुपमा साथै बजारीकरण र वितरणका लागि पायक पर्ने स्थानमा बिक्री केन्द्र समेत सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२. लैगिक हिंसा, महिला हिंसा, मानव वेचबिखन नियन्त्रण तथा ओसारपसार विरुद्ध , बाल विवाह, दाइजो प्रथा, बाल श्रम जस्ता हिसा दूव्यवहार एवं परम्परागत हानिकारक अभ्यासको अन्त्यका लागि सरोकारवाला र समुदाय स्तरमा अन्तराष्ट्रिय एवं राष्ट्रीय संघ संस्थाको सहयोग र समन्वयमा

सामुदायिक संरक्षण प्रणालीलाई आत्मसात गरी अभियान तथा कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

३. उद्यमशिलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तीकरणका लागि महिला उद्यमी सहजीकरण केन्द्र र **नमुना वस्ती विकास कार्यक्रमलाई** संघीय सरकारको सहकार्यमा निरन्तरता दिइनेछ ।

४. ज्येष्ठ नागरिकको आत्मसम्मान तथा सम्मानित जीवनका लागि जीवन प्रतिको उत्साह अभिवृद्धिका लागि **आमाबुवा चौतारी कार्यक्रमलाई** निरन्तरता दिइनेछ ।

५ बाल विवाह न्यूनिकरणका लागि बालिका शिक्षा तथा मुद्धति खाता योजनालाई वडाको बार्षिक नियमित कार्यक्रम मार्फत निरन्तरता दिइनेछ ।

६. अपांग परिचयपत्रको डिजिटलाइजेशन कार्यलाई थप प्रभावकारी बनाउदै आवश्यकता अनुसार सहायक सामाग्री वितरण तथा मागमा आधारित सिप विकास कार्यक्रमलाइ टेवा सहित निरन्तरता दिइनेछ ।

७ दिगो विकास लक्ष्य प्राप्तिका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका अबलम्बन गरी **बालमैत्री नगर घोषणा** गर्ने कार्यलाई निरन्तरता दिदै दिगो विकास लक्ष्य ५ (लैगिंक समानता) प्राप्तिका सूचकका आधारमा कार्यक्रमलाइ आन्तरिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८.महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

९. अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य सेवामा पहुँच वृद्धिका लागी मध्यम अशक्त अपांगता (ग वर्ग) का व्यक्तिहरुलाई **स्वास्थ्य विमा** गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

**ङ. शिक्षा युवा तथा खेलकुद सम्बन्धी नीतिहरु :**

१. नेपालगञ्ज उपमहानगरपालिकालाई शैक्षिकहव को रुपमा विकास गर्न **पञ्चवर्षिय नगर शिक्षा योजना** निर्माण गरिनेछ।

२. बालविकास तथा धार्मिक विद्यालयहरुको सुदृढिकरण र व्यवस्थापनमा जोड दिईनेछ।

३. विद्यालयहरुमा सूचना प्रबिधीमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा प्रोत्साहन गरिनेछ।

४. सामुदायिक संस्थागत र धार्मिक विद्यालयका शिक्षकहरुको क्षमता विकास गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनेछ ।

५. शैक्षिक सुशासन र पेशागत सहयोगका लागि विद्यालय अनुगमन, मेन्टोरिङ्ग र सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाईनेछ।

६. विद्यार्थीको सिर्जनात्मक क्षमता विकास र प्रतिभा प्रस्फुटनका लागि विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

७. यस उपमहानगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

८. विद्यालयमा भर्ना तथा नियमितताका लागि विद्यालयका कार्यक्रमहरुमा अभिभावकको सङ्लग्नता बढाईनेछ।

९. प्रारम्भिक कक्षामा पढाई तथा गणितिय सीप विकासका लागि आवश्यक कार्यक्रम बनाई लागू गरिनेछ।

१०. नगरका युवाहरु सशक्तिकरणका लागि युवा क्लव गठन र परिचालन गरिनेछ।

११. खेलकुद कार्यक्रमहरु सञ्चालन गरि युवा तथा विद्यार्थीको प्रतिभा पहिचान र विकास गरिनेछ।

१२. विद्यालयहरुको विपद व्यवस्थापन सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ।

१३. सामुदायिक तथा धार्मिक विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधार निर्माण गरी विद्यालयमा बालमैत्री सिकाई, अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण र लैङ्गिकमैत्री बातावरण निर्माणमा जोड दिईनेछ।

**च. सहकारी सम्बन्धी नीति :**

१. उत्पादनमा सहकारी अभियान मार्फत आत्मनिर्भर उपमहानगरपालिका बनाउन प्रत्येक कृषि सहकारीलाइ अनिवार्य उत्पादनसँग जोड्दै तत्काल "**एक कृषि सहकारी, एक कृषि उपज उत्पादन**" कार्यक्रम सन्चालनमा ल्याइनेछ ।

२. "**वित्तिय पँहुचको आधार, सहकारी सदस्यको विस्तार**" भएको हुँदा सहकारी सेवामा पहुँच सन् २०३० सम्म ८० प्रतिशत पुर्याउने दीगो विकासको राष्ट्रिय लक्ष्यअनुरुप सहकारी संस्थामा सदस्यता विस्तार गर्दै लगिनेछ ।

३. "**सहकारी सरोकार, व्यवसायिकताको आधार**" को नीति अनुरुप जनतालाइ सहुलियत दरमा वस्तु तथा सेवा उपलब्ध गराउन सहकारी मार्ट, सहकारी एग्रो मार्ट, सहकारी सुपथ मूल्य

पसल, सहकारी नर्सरी, सहकारी विउविजन उत्पादन केन्द्रहरु विकासका साझेदारहरुसँग साझेदारी मार्फत सन्चालनमा ल्याइनेछ ।

४. **"हामी फर्काउछौ हाम्रो सहकारीको विश्वास"** भन्ने आह्वान सहित सहकारी प्रतिको गुमेको विश्वास फर्काउन सहकारी संस्था र सहकारी अभियानकर्मीसँग हातेमालो कार्यक्रम मार्फत स्वयम् सहकारी संस्थालाइ सहकारी सुधारमा नै जिम्मेवार बनाइनेछ ।

५. **"Digital Cooperatives for Digital Monitoring"** को लक्ष्यलाइ साकार पार्न नेपालगन्ज उपमहानगरपालिका भित्रका सम्पूर्ण सहकारी संस्थालाइ सहकारी तथा गरिवी व्यवस्थापन सुचना प्रणाली (COPOMIS) मा अनिवार्य रुपमा आवद्ध गरि सोही प्रणाली मार्फत नियमण गर्दै लगिनेछ ।

६. सहकारी संस्थाका सन्चालकहरुको क्षमता अभिबृद्दि मार्फत व्यवस्थित र नियमित तथा वित्तिय सुशासनयुक्त सहकारी बनाउन **"सक्षम नेतृत्व, सफल सहकारी"** अभियानका साथ सहकारी संस्थाको नेतृत्व तथा क्षमता विकास कार्यक्रम सन्चालन गरिनेछ ।

## छ. सामाजिक सुरक्षा तथा पन्जिकरण सम्बन्धी नीति :

१. **"कोही नछुटुन, कोही नदोहोरिउन"** भन्ने नीति अनुरुप लक्षित वर्ग तथा लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता कार्यक्रममा सतप्रतिशत सहभागिताका लागि २३ वटै वडा कार्यालयका टोल टोलमा एकिकृत घुम्ति सेवा र अभियान मार्फत समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताको कार्य सन्चालन गरिनेछ।

२. हाल नेपालगन्ज उपमहानगरपालिकाको २३ वटै वडाका लाभग्राहीलाइ बैंकिङ्क प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता इफटी मार्फत वितरण गरिदै आएको र हरेक बर्ष लाभग्राही नवीकरण गर्ने प्रक्रियालाइ त्रुटीरहित बनाउन **बायोलोजिकल डिजीटल स्क्यानिङ्ग डिभाइस**को प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

३. **"जन्मदर्ताको अधिकार, मेरो भविष्यको आधार"** भन्ने मान्यता स्थापित गराउँदै जन्मेको ३५ दिनभित्रै जन्मदर्ता लगायतका अन्य सबै व्यक्तिगत घटना दर्ताको कार्यलाइ सतप्रतिशत बनाउँदै लगिनेछ ।

## ज. कृषि विकास सम्वन्धि नीति :

१. कृषि क्षेत्रलाई सम्मानजनक, मर्यादित एबं आकर्षक पेशाको रुपमा विकास गरी प्रतिस्पर्धी वनाउन आवश्यक पहल गरिनेछ।
२. पालिका भित्रका सम्भावना बोकेका उच्च मुल्य कृषि बस्तुहरुको पहिचान गरी तुलनात्मक लाभ लागतका आधारमा क्षेत्र विस्तार एवं ब्यवसायीकरण मार्फत कृषिमा आत्मनिर्भरता तर्फ उन्मुख गराईनेछ ।
३. पालिका भित्रको कृषि क्षेत्रमा खाद्यान्न तथा तरकारीको उन्नत एवं गुणस्तरीय बीउको प्रयोग मार्फत बीउ प्रतिस्थापन दरमा बृद्धि गरी तरकारी, च्याउ तथा अन्नबालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्दै लगिनेछ।
४. कृषि कार्यमा कृषि मेशिनरी, औजार उपकरण तथा नबिनतम प्रबिधिको प्रयोग मार्फत बाली उत्पादन लागत न्युनीकरण गरी कृषक आम्दानीमा बृद्धि गर्दै लगिनेछ।
५. कृषक सूचिकरणलाई निरन्तरता दिई कृषकहरुको रोष्टर तयार गरी पालिकाबाट बितरण हुने अनुदान तथा सहुलियतलाई ब्यवस्थित एवं पारदर्शी बनाउदै लगिनेछ।
६. बीउबिजन तथा उत्पादन सामाग्रीको सहज उपलब्धता मार्फत साना तथा सिमान्त कृषकहरुलाई समेत समाबेश गरी कृषिमा आधुनिकीकरण एव व्यावसायिकरण गर्दै लगिनेछ।
७. एकिकृत शत्रुजिब व्यवस्थापन (आइ पि एम ) पद्दति तथा हरियो मलको प्रयोग अभिबृद्धि मार्फत प्राङ्गारिक कृषि लाई प्रबर्द्धन गर्दै लगिनेछ।
८. निजी, सहकारी तथा सरकारी क्षेत्रसँगको सहकार्यमा पुष्पखेती बिकास कार्यक्रम सञ्चालन गरी पुष्प आयात कम गर्दै लगिनेछ।
९. कृषि कार्यमा माटो संरक्षण, र बाली संरक्षणको प्रविधिबाट प्राङ्गरिक खेतीको क्षेत्रहरु बिस्तार गरिनेछ।
१०. कृषिमा स्वास्थ्य बाली उत्पादन तथा पोषणयुक्त बालीको उत्पादनमा जोड दिइनेछ।
११. स्थानीय वातावरण हावापानी लगायत जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको सम्भाब्य असर न्युनिकरण गर्न सक्ने प्रविधि एवं क्षमताको विकास गराइनेछ ।

**झ. पशुसेवा सम्वन्धी नीति :**

१. विभिन्न किसिमका पशुपालन व्यवसायिक तालिम सञ्चालन गराई किसानलाई उत्पादनमूखि मात्र नभई व्यवसायिमूखि बनाईनेछ ।
२. नगरमा रहेका छाडा पशु व्यवस्थापनका लागि छिमेकी पालिकाहरु सँग समन्वय, सहकार्य गर्दै यस नगरको काञ्जिहाउसको स्तरोन्नती गरिनेछ ।

३. छाडा भएका वा सामुदायिक **कुकुर बन्ध्याकरण** गरि रेविज भ्याक्सिन लगाई रेविज रोग मुक्त गरिनेछ ।

४. विभिन्न किसिमका पशुजन्य संक्रामक रोगहरु नियन्त्रणका लागि भ्याक्सिनहरु समयानुसार लगाईनेछ ।

५. पशुको नश्ल सुधारका लागि गाईभैंसीमा निशुल्क कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ ।

६. पशु आहारा राष्ट्रिय अभियान कार्यक्रम मार्फत जै,बर्षिम ,मकैचरी आदि जातका उन्नत घाँसको बिउ पशुपालक कृषकलाई वितरण गरि उत्पादनमा वृद्धि गरिनेछ ।

७. पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरुको स्थलगत रुपमा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी आम कृषकहरुलाई जानकारी दिने उदेश्य अनुरुप निशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

८. पशुपंक्षीको नश्ल सुधार,पौष्टिक दाना आहाराको व्यवस्था,पशुपंक्षी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका चारै पक्षलाई समानान्तर रुपमा अगाडि बढाई एकीकृत रुपमा सेवा प्रदान गर्ने गरि कार्यक्रमहरु सञ्चालनमा गरिनेछ ।

## ञ. भूमि व्यवस्थापन सम्बन्धि नीति :

१. नगरभित्रको गाउँ ब्लक जग्गाको नाप नक्सांकन गरी सम्बन्धित जग्गा धनीलाई जग्गाधनि पुर्जा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

२. सार्वजनिक, सरकारी र गुठि जग्गाको खोज तथा पहिचान गरी संरक्षण गरिनेछ।

३. नगरभित्र बसोबास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको पहिचान र बसोबास गरिरहेको क्षेत्रको नक्सांकन गरी जग्गा धनीपुर्जा वितरण गर्ने कार्य संघ र प्रदेश सरकारसँग समन्वय गरी तिब्रताका साथ अगाडी बढाईनेछ।

४. नगरभित्र कालोपत्रे भएका सम्पूर्ण पक्कि बाटोको लगत कट्टा गरी क्रमिक रुपमा नेपाल सरकारको नाममा कायम गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।

## ट. सूचना तथा संचार प्रविधि सम्बन्धी नीति :

१. पालिका र अन्तर्गतका कार्यालयबाट गरिने सेवा प्रवाहलाई पारदर्शी, मितव्ययी, गुणस्तरीय एवम सूचना प्रविधिमैत्री बनाउन मानव संसाधन विकास तथा संस्थागत क्षमता विकासतर्फ विभिन्न कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

२. नगरपालिकाले प्रदान गर्ने सेवाहरुमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी पूर्ण **Digitization** गरि **E-governance, E -Service Delivery System** लाइ **Promote** गरिनेछ ।

**ठ. नगरप्रहरी तथा बजार व्यवस्थापन सम्वन्धि नीति :**

१. नेपालगन्ज उपमहानगरपालिका क्षेत्र भित्र अतिक्रमण भएका सडकपेटीहरुमा अतिक्रमण हटाई सर्वसाधारण जनताहरुलाई हिडडुल गर्न सहज र सरल बनाईने छ ।

२. नेपालगन्ज उपमहानगरपालिका भित्र नक्सा इजाजत बिना मापदण्ड विपरीत बनाईने घर,भवन,तथा अन्य निर्माण गतिविधिहरु रोक्का राखी कानुनी दायरामा ल्याईनेछ ।

३. अनाधिकृत विज्ञापनका होडिङ्ग बोर्ड,ब्यानरको पहिचान गरी हटाउँने कार्य गरिनेछ ।

४. नगर भित्रका होटल,रेष्टुरेन्टहरु मापदण्ड अनुरुप चले नचलेको अनुगमन गर्ने कार्य गरिनेछ । मापदण्ड विपरीत संचालनमा आएका होटल,रेष्टुरेन्टहरुको पहिचान गरी कानुनी दायरामा ल्याईनेछ । होटल, रेष्टुरेन्टहरुबाट वातावरणलाई असर पुग्ने गरी निस्किएका धुवा, धुलो फोहोरमैला व्यवस्थापन नगर्ने होटल रेष्टुरेन्टहरुलाई कारबाही समेत गरिनेछ ।

५. नेपालगन्ज उप महानगरपालिका भित्र हुने सभा समारोह,चार्डपर्वमा समेत आवश्यक सुरक्षा तथा व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

६. नेपालगन्ज उप महानगरपालिकाका भित्रका बजार तथा पार्किङ्ग स्थलहरुको रेखदेख र व्यवस्थापन गर्ने काय गरिनेछ ।

७. सार्वजनिक आवागमनमा बाधा पुऱ्याई रहेका निर्माण सामाग्री तथा पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउँने र हटाउन नमानी अटेर गर्नेहरुलाई कानुन बमोजिम कारबाही गरिनेछ ।

८. नेपालगन्ज उपमहानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका ई—रिक्साहरुलाई चेक जाँच गरी व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

**ड. वन, वातावरण संरक्षण, सरसफाइ तथा विपद् व्यवस्थापन सम्बन्धी नीति :**

१. नगरक्षेत्रमा रहेको वन संरक्षण, उद्यान तथा हरियाली क्षेत्रको विकास, पुराना ताल तलैया तथा इनार, कुवाहरुको संरक्षणका लागि विशेष प्राथमिकता राखी मर्मत सम्भार गरि नेपालगंज शहरलाई **Clean, Green & Healthy City** को रुपमा विकास गरिनेछ ।

२. वातावरणीय प्रदुषणले मानव स्वास्थ्यमा पारेको प्रतिकूल प्रभावलाई नियन्त्रण गर्न र स्वच्छ एवम् वातावरणमैत्री विकासलाई प्रवर्द्धन गर्न विद्युतीय सवारीसाधनको उपयोगलाई प्रोत्साहन गरिनेछ ।

३. सार्वजनिक निजि साझेदारी अवधारणा अनुरुप नगरको फोहोरमैला व्यवस्थापन कार्य गर्न प्रस्ताव आव्हान गरि निजि क्षेत्रलाई संलग्न गर्ने नीति कार्यान्वयन गरिनेछ ।

४. नगर भित्र रहेका स्वास्थ्य संस्थाहरुबाट उत्पादन हुने स्वास्थ्यजन्य फोहोरको प्रभावकारी व्यवस्थापन गरिनेछ ।
५. नगरभित्रको डुवान न्यूनीकरणको लागि नालाहरुको सरसफाई गर्ने कार्यलाई निरन्तर दिई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
६. नगरको विपद् व्यवस्थापनका लागि स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रलाई स्तरोन्नति गरी अन्तरपालिका समन्वयलाई थप प्रभावकारी बनाउदै आपतकालिन सेवा संचालनमा समन्वय तथा सहकार्यलाई प्राथमिकतामा राखिनेछ।
७. वारुणयन्त्र शाखाको संस्थागत सुदृढिकरण गर्न आवश्यक उपकरणहरुको व्यवस्था गर्नुको साथै कर्मचारीहरुको मनोवल वृद्धिका लागि आवश्यक पहल गरिनेछ ।
८. पालिकाले तयार पारेका विपद् व्यवस्थापन सम्वन्धि योजना तथा कार्यविधिहरुलाई आवश्यकता अनुसार अद्यावधिक गर्दै **विपद् जोखिम विमा तथा चालु आ.ब.बाट संञ्चालित भएको निर्जिवन घर विमा कार्यक्रमलाई विस्तार** गरिनेछ।
९. जलवायू परिवर्तनन अनुकुलन विकास कार्यलाई प्राथमिकतामा राखी बढ्दो तापक्रमसगै वातानुकुलित बनाउने गतिविधिलाई प्राथमिकता राख्दै नेपालगंज शहरलाई **हरित शहर** का रुपमा विकास गर्ने नीति लिइने छ।

## ढ. सामाजिक, गैसस तथा साझेदारी विकास सम्बन्धि नीतिहरु :

१. नेपालगञ्ज उपमहानगरपालिकाको टोलस्तरीय संस्था सञ्चालन कार्यविधि, २०७८ को सम्वन्धमा सरोकारवालाहरुलाइ अभिमूखीकरण तथा क्षमता विकासका तालिमहरु सञ्चालन गरिनेछ ।
२. नेपालगञ्ज उपमहानगरपालिकाको गरिबसँग स्थानीय सरकार सञ्चालन कार्यविधि, २०८० बमोजिम लघु कर्जा प्रवाह गर्ने कार्यलाई व्यवस्थित, पारदर्शी र वस्तुनिष्ठ आधारमा सञ्चालन गरिनेछ साथै लघु कर्जा प्रवाहलाइ पुरुस्कार र दण्डसँग सामञ्जस्यता गरिनेछ ।
३. "व्यवसायिक लगानी परियोजना कोष" बाट ऋण उपलब्ध गराउँदा सम्बन्धित व्यवसायीहरुलाई कम्तिमा ५ दिनको उद्यमशिलता तालिम प्रदान गरिनेछ । कार्यविधिको उद्धेश्य परिपूर्तिका लागि गर्नुपर्ने कर्जा प्रवाह, अनुगमन, मूल्याङ्कन, उद्यमशिलता तालिम, एवं बैठक व्यवस्थापन सम्बन्धि खर्च यसै कोषबाट व्यहोरिनेछ ।
४. गरिवी निवारणका लागि लघू उद्यम विकास कार्यक्रम (मेड्पा), गरिबसँग स्थानीय सरकार सञ्चालन कार्यक्रम, सुरक्षित आप्रवासन कार्यक्रम (सामी) का वीच अन्तर समन्वय कायम गर्दै

उद्यमशिलतता र स्वरोजगारका अवसरहरु सृजना गरि स्थानीय आर्थिक विकासलाई बढवा गरिनेछ ।

५. गैर सरकारी संस्थाहरुको कामकारवाहिलाई थप व्यवस्थित गर्न कार्यक्षेत्रका आधारमा क्षेत्रगत पाश्र्वचित्र (प्रोफाईल) तयार गरीनेछ साथै गैससबाट सञ्चालन हुने कार्यक्रमहरुको कार्यान्वयनमा थप प्रभावकारीता ल्याउन नगरपालिकाले थप समन्वय र नियमनमा जोड दिइनेछ ।

६. तीन तहकै सरकारको साझेदारीमा आगामी आ.व. देखि यस उप–महानगरपालिकामा सञ्चालन हुने सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को चौथो चरण (२०८१।८२ देखि २०८४।८५) अन्तर्गत् वैदेशिक रोजगारीमा जान चाहने, फर्कन चाहने, फर्किएर पनि विभिन्न समस्यामा रहेका नगरवासीहरुलाई आवश्यक सूचना तथा परामर्श, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीप विकास तालिमका माध्यमबाट यस नगरपालिकालाइ आगामी तीन वर्षभित्र बैदेशिक रोजगारमैत्री स्थानीय तहको रुपमा रुपान्तरण गरिनेछ ।

७. आगामी वर्षमा नव उद्यमशाला (विजनेश इन्कुवेशन सेन्टर) केन्द्र र स्टार्ट अप व्यवसाय सञ्चालन सम्बन्धि विषयगत ऐन, नियमावली र कार्यविधि तर्जुमा गरि स्थानीय उत्पादनशिल अर्थतन्त्रलाई सुदृढ गरि समृद्ध, सक्षम र आत्मनिर्भर स्थानीय सरकारको रुपमा यस उप–महानगरपालिकालाई रुपान्तरण गरिनेछ ।

**ण. भौतिक पुर्वाधार सम्बन्धी निति :**

१. वडा कार्यालयहरुबाट प्रवाह हुने सेवालाइ प्रभावकारी बनाउनका लागि वडा कार्यालय भवन भएका वडाहरुको भवनलाई स्तरोन्नति गर्ने र आफ्नै भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।

२. नगर भित्र निर्माण भएका र निर्माण हुने सार्वजनिक भौतिक संरचनाहरुलाई अपाङ्गता मैत्री तथा बालमैत्री बनाउनको लागि आवश्यक व्यवस्था गर्दै लगिनेछ ।

३. अब्यवस्थित बसोबासलाई ब्यवस्थित गर्न रिङ्गरोडको बिकाससँगै वरपरका जग्गाको Land Pooling मार्फत जग्गाविकास गरी सामुहिक वस्ती विकास गर्ने कार्यका लागि आवश्यक पहल गरिनेछ ।

४. यस उपमहानगरपालिकालाई स्तरोन्नती गरी महानगरपालिका बन्ने सम्भावनालाई दृष्टिगत गरी सो को लागी उपर्युक्त स्थानमा आवश्यक पर्ने जग्गाको ब्यवस्थापन गर्ने र संरचना निर्माणको लागी बिस्तृत परियोजना प्रतिबेदन तयार गर्ने कार्यलाई अगाडी बढाईनेछ।

५. नेपालगंज उपमहानगरपालिकाको वडा नं. २० स्थित राझा विमानस्थललाई आन्तरिक तथा वाहय गन्तव्य मार्गको पहिचान तथा विस्तार गर्न तथा अन्तराष्ट्रिय विमानस्थल बनाउन आवस्यक समन्वय गरिनेछ ।

६. सार्वजनिक भौतिक संरचनाको मर्मत सम्भारलाई ब्यवस्थित गर्न मर्मत सम्भार कोषको कार्यविधि तयार गरी कार्यान्वय गरिनेछ ।

७. नगरपालिकामा एक आयोजना बैंक तयार गरी सो बैकबाट पालिकाको आवश्यकता र प्राथमिकताको आधारमा बजेट तथा कार्यक्रम गरी कार्यान्वयनमा जोड दिइनेछ ।

८. निजी तथा सरकारी पेट्रोल तथा डिजल बितरण केन्द्रहरुमा सर्वसाधरणको सहजीकरणका लागी शौचालयको व्यवस्थापन सम्वन्धमा नियमित अनुगमन गरि व्यवस्थित गरिनेछ ।

**त. ब्यवस्थित शहरी विकास सम्बन्धी नीति :**

१. सम्बन्धित निकायहरुको समन्वयमा नगरवासीमा स्वच्छ खानेपानीको पहुँच पुर्याउन आवश्यक पहल गरिनेछ ।

२. सुन्दर, स्वच्छ, हरियाली सहर निर्माणका लागि नेपालगञ्जमा ऐतिहासिक पार्क निर्माण, ताल तलैयाहरुको संरक्षण तथा सम्बर्धन गर्ने कार्यलाई निरन्तरता दिईने छ साथै नगरपालिकाका खाली जमिनहरु संरक्षण गरी वृक्षारोपण गरिनेछ र नयाँ घर बनाउने नक्सा पास समेतको हकमा एक घर न्यूनतम एक रुखको अवधारणा भवन अनुमति तथा मापदण्ड कार्यान्वयनमा समावेश गरिने निति लगिनेछ ।

३. नेपालगन्ज उपमहानगरपालिका भित्र ब्यवस्थित पार्किङ्ग ब्यवस्थापनको लागि आवश्यक पहल गरिने छ ।

४. घर नक्सा शाखालाई चुस्त, दुरुस्त तथा प्रविधिमैत्रि बनाउन र नागरिकलाई छिटो, छरितो तथा गुणस्तरिय सेवा प्रदान गर्नका लागि नक्सा पास प्रक्रियालाई सफ्टवेयर मार्फत अगाडि वढाउने कार्यलाई तदारुकताका साथ अगाडी बढाइनेछ, साथै पुराना नक्साहरुलाई डिजिटल डकुमेन्टेसन गर्ने कार्यलाई अगाडि बढाईने छ ।

५. वर्षातको समयमा हुने डुवान कम गर्नका लागि नालीहरुको प्रभावकारी रुपमा सरसफाइ तथा व्यवस्थापन गरिनेछ ।

६. पालिकामा बन्ने भवनहरुलाई उर्जा प्रभावकारी बनाउनका लागि भवन उर्जा प्रभावकारिता सम्बन्धी कानुनी ब्यवस्था तयार गरि लागु गरिनेछ ।

७. नगरक्षेत्रभित्रका स्थानीय र अन्य सडकहरु व्यवस्थित गर्नका लागि नगरयातायात गुरुयोजना सशोधन गरी सोही योजना बमोजिम सडक निर्माणका कार्यहरु अगाडी बढाइनेछ ।

**थ. रोजगार सेवा सम्बन्धी नीति :**

१. **रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS)** मार्फत बेरोजगार व्यक्ति तथा रोजगार दाताको तथ्यांक संकलन गरिनेछ ।

२. यूवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना मार्फत यूवाहरुलाई **क्षमता विकास तालिम/जीवन उपयोगी सीप तालिम** प्रदान गरिने छ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिक मार्फत सूचीकृत वेरोजगारहरुलाई **रोजगारी सिर्जना** गरिने छ।

४. **"मेयर संग रोजगार दाता"** कार्यक्रम लाई निरन्तरता दिंदै निजीक्षेत्रको आवश्यकताको आधारमा वेरोजगार नागरीकहरुलाइ कार्यस्थलमा आधारित तालिम संचालन गरी रोजगारीका लागी पदस्थापन गरिनेछ ।

५. रोजगारको खोजिमा रहेका व्यक्ति र रोजगारदाताहरुको प्रत्यक्ष भेट गराई रोजगारीमा पदस्थापन गर्नको लागि नेपालगञ्ज उद्योग बाणिज्य संघको सहकार्यमा "रोजगार मेला संचालन" कार्यको सुरुवात गरिनेछ ।

६. नेपालगञ्ज उपमहानगरपालिका भित्र रोजगारीसँग सम्बन्धीत काम गर्ने संघसंस्थाहरुलाई एकीकृत श्रम तथा रोजगार सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रमार्फत समन्वय र सहकार्य गर्ने व्यवस्था गरिनेछ ।

७. कल्याणकारी सेवाहरु तथा व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको लागि आवश्यक सहजीकरण गरिनेछ ।

८. बैदेशिक रोजगारीबाट फर्केका नेपाली नागरिकको सीप, पूँजी र प्रविधिलाई राष्ट्रिय हितको लागि उपयोग गर्न तथा त्यस्ता नागरिकको पुनःएकीकरण गर्नको लागी सामाजिकीकरण कार्यक्रम, रोजगारीमा आवद्ध हुने कार्यक्रम र उद्यमशिलता प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. नेपालगञ्जका बिभिन्न विद्यालयमा कक्षा १२ मा अध्यनरत विद्यार्थीहरुलाई Career Counseling Orientation गरी स्वदेशमै उनीहरुको Career Security प्रोत्साहन गरिनेछ ।

१०. वडा स्तरमा रोजगार संबाद मञ्चको गठन गरी रोजगार सम्बन्धि सूचना प्रवाह गरिने छ ।

११. **"श्रमको सम्मान राष्ट्रको अभियान"** कार्यक्रम मार्फत श्रमिकहरुको सम्मानका लागि संघ र प्रदेश सरकारहरुको समन्वयमा आवश्यक कार्यक्रम संचालन गरिने छ ।

**नगरसभा सदस्यज्यूहरु**,

अन्तमा, यस उपमहानगरपालिकाको आर्थिक, सामाजिक, मानवीय, पूर्वाधार लगायतको विकासका निम्ति कोशेढुङ्गा सावित हुने यस गरिमामय पन्ध्रौ नगरसभामा प्रस्तुत नीति, बजेट तथा कार्यक्रममा रचनात्मक राय सुझाव र मार्गदर्शन प्राप्त हुने अपेक्षा लिएको छु ।

यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा संलग्न रहि सहयोग पुर्याउनु हुने नगरसभाका उपाध्यक्ष ज्यू, सभाका सचिव ज्यू लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सम्बद्ध सबै पक्षहरुबाट सदा झै सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा लिदै यस स्थानीय सरकारले अघि सारेको प्रस्तुत नीति कार्यक्रम कार्यान्वयमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ निकाय, राष्ट्रिय तथा स्थानीय गैर सरकारी संघसंस्था, सम्पूर्ण वुद्धिजिवी एवं सम्पूर्ण नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।

**प्रशान्त विष्ट**
सभाअध्यक्ष
नगरसभाको १५ औ अधिवेशन
नेपालगञ्ज उपमहानगरपालिका
मिति २०८१ असार १० गते